नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: KESHARMAHAL, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT: NSBINPKA, website: https://nsbl.statebank, e-mail: nsblco@nsbl.com.np

मितिः २०७९/१०/१६
प.सं.: एनएसबिएल/सिओ/सिएसडी/२०७९-८०/९०

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**

**सिंहदरबारप्लाजा, काठमाडौँ ।**

**विषयः- बैंकको २९औं वार्षिक साधारण सभाको माईन्यूट सम्बन्धमा ।**

महोदय,

यस नेपाल एसबिआई बैंक लिमिटेडको मिति २०७९ पौष २५ गते (तदनुसार ९ जनवरी २०२३), सोमवार सम्पन्न उनन्तीसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) यसै पत्रसाथ संलग्न गरी पठाइएको वेहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय

कम्पनी सचिव

# नेपाल एसबिआई बैंक लिमिटेड

## उनन्तीसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्युट)

१. **वैधानिक सभा :–**

नेपाल एसबिआई बैंक लिमिटेडको उनन्तीसौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) बमोजिम बैंक संचालक समितिका अध्यक्ष श्री जयती बन्सलज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान तथा समय :-**

| | | |
|---|---|---|
| मिति | : | वि.सं. २०७९ साल पौष २५ गते (तदनुसार ९ जनवरी २०२३), सोमबार । |
| स्थान | : | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं । |
| समय | : | दिनको ११:०० बजे । |

३. **उपस्थिति :–**

**क) संचालकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री जयती बन्सल | : | अध्यक्ष |
| २. | श्री पिनाकी नाथ बनर्जी | : | संचालक |
| ३. | श्री भरत राज बस्ती | : | संचालक |
| ४. | श्री अप्सरा उप्रेती | : | संचालक |
| ५. | डा. गोपाल प्रसाद भट्ट | : | स्वतन्त्र संचालक |
| ६. | श्री दीपक कुमार दे | : | प्रबन्ध संचालक |

**ख) पर्यवेक्षकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री अर्जुन खड्का | : | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |

**ग) व्यवस्थापन पदाधिकारीको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री मोहमद रिज़वान आलम | : | नायब कार्यकारी प्रमुख तथा प्रमुख वित्तीय अधिकृत |
| २. | श्री यादवेंद्र कांत | : | प्रमुख संचालन अधिकृत |
| ३. | श्री छवि राज पन्त | : | व्यवसाय प्रवर्द्धन सल्लाहकार |

.........................
**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

.........................
**जयती बन्सल**
**(अध्यक्ष)**

| | | | |
|---|---|---|---|
| ४. | श्री देवराज अधिकारी | : | सहायक महाप्रबन्धक एवं प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत, नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड |
| ५. | श्री विष्णु देव यादव | : | सहायक महाप्रबन्धक एवं प्रमुख जोखिम तथा अनुपालना अधिकृत |
| ६. | श्री अर्जुन नेपाल | : | सहायक महाप्रबन्धक एवं प्रमुख कर्जा अधिकृत |
| ७. | श्री सुनंद मल्होत्रा | : | प्रमुख प्रविधि अधिकृत |
| ८. | श्री श्रीधर अधिकारी | : | कम्पनी सचिव तथा प्रमुख- लेखापरीक्षण विभाग |
| ९. | श्री रोबर्ट श्रेष्ठ | : | प्रमुख- वित्त तथा योजना विभाग |
| ख) | **आमन्त्रितको उपस्थिति :** | | |
| १. | श्री सुयोग्य भण्डारी | : | बाह्य लेखापरीक्षक-साझेदार, मेसर्स एस.ए.आर. एसोसियट्स, चार्टर्ड एकाउण्टेन्ट्स् |
| २. | वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य | : | कानूनी सल्लाहकार |
| ग) | **शेयरधनीको उपस्थिति :** | : | |
| १. | स्वयं उपस्थित : | | |
| | भौतिक रूपमा उपस्थित | : | ६७२ जना। |
| | अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित | : | २ जना। |
| २ | प्रतिनिधि मार्फत उपस्थित | : | - |

**४. <u>सभामा प्रस्तुत छलफलका विषयहरू</u> :–**

**बैंकको २९औं वार्षिक साधारण सभाको छलफलको विषयसूची :**

**क) सामान्य प्रस्ताव :**

१. आ.व. २०७८/७९ का लागि संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

**जयती बन्सल**
**(अध्यक्ष)**

२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७८/७९ को वार्षिक आर्थिक विवरण (२०७९ असार मसान्तको वासलात, आ.व. २०७८/७९ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ लि." को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ७३,९८,८६,७३९.३८ बराबर (चुक्ता पुंजीमा ७.५३ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. स्वतन्त्र संचालक नियुक्तिको जानकारी सम्बन्धमा (बैंकको संचालक समितिको मिति २०७८ चैत्र ३० मा सम्पन्न ४८३औं बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को प्रावधान बमोजिम डा. गोपाल प्रसाद भट्टलाई ४ वर्षका लागि स्वतन्त्र संचालकमा नियुक्त गरेको) ।

६. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व.२०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

७. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**ख) विशेष प्रस्ताव :**

१. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु.२९,४७,७५,५९३.३८ बराबर (चुक्ता पुंजीमा ३.०० प्रतिशतका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको जारी तथा चुक्ता पुंजीमा परिवर्तन गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीको विभिन्न दफा/नियममा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८, कमलादी, नेपाल कायम गर्ने बैंकको प्रबन्धपत्रको दफा २ को उपदफा १ तथा नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

भीमर अधिकारी
(कम्पनी सचिव)

जयती बन्सल
(अध्यक्ष)

४. संचालक समिति तथा संचालक समितिका उपसमितिहरूको बैठकमा भाग लिएबापत संचालक समितिका अध्यक्ष तथा अन्य संचालकहरूलाई दिइने बैठक भत्ता वृद्धि गरी क्रमशः रु. १८,०००/- र रु. १५,०००/- प्रतिबैठक कायम गर्न बैंकको नियमावलीको नियम २९ को उपनियम (ख) संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. बैंकले आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. १,०४,३१,११६.८० कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. १,०४,३१,११६.८० लाई अनुमोदन गर्ने ।

६. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

७. नियामक निकायहरुको निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

८. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**५. गणपूरक संख्या :–**

| कुल शेयरधनी संख्या | कुल शेयर संख्या | शेयरधनीको उपस्थिति | | | | | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थित* | | प्रतिनिधि मार्फत | | कुल उपस्थित | | |
| | | संख्या | शेयर | संख्या | शेयर | संख्या | शेयर | |
| ४४,००२ | ९,८२,५८,५३१.१३ | ६७४ | ६,९२,५१,५३१ | - | - | ६७४ | ६,९२,५१,५३१ | ७०.४८ |

* जुम (ZOOM) मार्फत समेत

**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**जयती बन्सल**
**(अध्यक्ष)**

**६. स्वागत :-**

सभाको शुरूमा कम्पनी सचिव श्री श्रीधर अधिकारीले संचालक समितिका अध्यक्ष, संचालकहरु, पर्यवेक्षक, आमन्त्रित, बैंक व्यवस्थापन पदाधिकारीहरु तथा भौतिक एवं अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई हार्दिक स्वागत गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नुभयो । आसन ग्रहण पश्चात राष्ट्रिय गान गाउने कार्य सम्पन्न भयो ।

**७. सभाको वैधानिकता :-**

उनन्तीसौं वार्षिक साधारण सभा शुरु हुनु पूर्व सभाको वैधानिकताको विषयमा छलफल भयो । साधारण सभाको सूचना वि.सं. २०७९ पौष ४ गतेको "कारोबार" राष्ट्रिय दैनिक, मिति २०७९ पौष १२ गतेको "कारोबार" राष्ट्रिय दैनिक तथा मिति २०७९ पौष २३ गतेको "राजधानी" राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै उक्त सूचना सहितको बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरण तथा सभामा छलफल गरिने विषयहरू शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा पनि पठाइएको तथा शेयरधनीहरुको जानकारीका लागि मिति २०७९ पौष १२ गते रेडियो अन्नपूर्ण एफ.एम. मार्फत समेत सूचना प्रशारण गरिएको थियो । साथै, शेयरधनीहरुलाई अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा जोडिनको लागि Meeting ID तथा Password उपलब्ध गराईएको बेहोरा कम्पनी सचिवद्वारा सभामा जानकारी गराइयो ।

साथै, इच्छुक शेयरधनीहरूलाई बैंकको प्रधान कार्यालय तथा बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडबाट एवं बैंकको वेबसाइट मार्फत समेत सभामा छलफल गरिने सम्पूर्ण विषयहरूका बारेमा जानकारी एवं सूचना प्रदान गरिएको कम्पनी सचिवद्वारा सभामा जानकारी गराइयो । सभामा कुल ४४,००२ शेयरधनीहरुमध्ये दिनको ११:०० बजे सम्ममा भौतिक रुपमा ६७२ जना शेयरधनीहरू स्वयं र अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत २ जना शेयरधनीहरु साधारण सभामा जोडिनु भई कुल ६७४ शेयरधनी उपस्थित हुनुभएको र कुल चुक्ता पुँजीको ७०.४८ प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित सबै शेयरधनीहरू सभामा भाग लिन तथा मतदान गर्न पाउने जानकारी गराउँदै उनन्तीसौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम शेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरूपको गणपूरक संख्यासमेत पुगेको बेहोरा कम्पनी सचिव श्री श्रीधर अधिकारीले अध्यक्ष समक्ष प्रस्तुत गर्नुभयो । सभा बोलाउनका लागि प्रचलित ऐन, कानूनको व्यवस्थाको पालना गरेको तथा सभाको लागि आवश्यक गणपूरक संख्यासमेत पुगेको सभाले सभा गर्न मन्जुर गरेकाले साधारण सभा रीतपूर्वक बोलाइएको पाइएको हुँदा अध्यक्ष श्री जयती बन्सलज्यूले सभाको काम कारबाही शुरू गर्नुभयो ।

सभामा भएको छलफल तथा निर्णयको विवरण देहाय बमोजिम रहेको छ :

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

**८. सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :–**

क) उनन्तीसौं वार्षिक साधारण सभाका अध्यक्ष श्री जयती बन्सलज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै आ.व. २०७८/७९ को संचालक समितिको प्रतिवेदन तथा सोमा आधारित आफ्नो मन्तव्य सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) अध्यक्षले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७८/७९ को वार्षिक आर्थिक विवरण (२०७९ असार मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), आ.व. २०७८/७९ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफलका लागि प्रस्तुत गर्नुभई त्यसउपरको छलफलमा भाग लिन तथा बैंकको कारोबार सम्बन्धी विविध पक्षहरूमा आफ्ना विचार तथा जिज्ञासाहरू व्यक्त गर्नका लागि शेयरधनीहरूलाई अनुरोध गर्नुभयो ।

**९. छलफलमा सहभागी शेयरधनीहरू :–**

छलफलका क्रममा देहायमा उल्लेख भएबमोजिमका शेयरधनी महानुभावहरूले बैंकको कामकारवाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनका सम्बन्धमा आ-आफ्ना राय तथा जिज्ञासाहरू साधारण सभास्थलमा स्वयं उपस्थित भई व्यक्त गर्नुभयो ।

**क) छलफलमा भौतिक रुपमा सहभागी शेयरधनीहरू :**

- ✓ श्री सुदिप श्रेष्ठ
- ✓ श्री ब्रम्हदेव शाक्य
- ✓ श्री अंग राज भारती
- ✓ श्री गुणराज भट्ट
- ✓ श्री कुवेर लाल श्रेष्ठ
- ✓ श्री दिलीप मान श्रेष्ठ

**१०. मन्तव्य, प्रतिक्रिया तथा प्रत्युत्तर :-**

छलफलका क्रममा उल्लेखित शेयरधनीहरूले बैंकको काम कारोबार तथा वार्षिक आर्थिक विवरणका सम्बन्धमा आ-आफ्ना धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया व्यक्त गर्नुभयो । उहाँहरूबाट व्यक्त धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रियाको सार यसै माइन्यूटको अभिन्न अंगको रूपमा अनुसूची १ मा समावेश गरिएको छ ।

शेयरधनीहरूको बोल्ने क्रम सकिएपछि अध्यक्ष श्री जयती बन्सलज्यूले बैंकको काम कारोबारका सम्बन्धमा शेयरधनीहरूबाट व्यक्त सुझाव तथा प्रतिक्रियाका लागि उहाँहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो र शेयरधनीबाट सभामा

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

व्यक्त जिज्ञासालाई सम्बोधन गर्न प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री दीपक कुमार दे लाई अनुरोध गर्नुभयो ।

**यस क्रममा प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री दीपक कुमार दे ले सभाकक्षमा प्रत्यक्ष र भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित शेयरधनीहरुलाई स्वागत गर्नुभयो र शेयरधनीहरूबाट व्यक्त जिज्ञासालाई देहाय बमोजिम सम्बोधन गर्नुभयो :**

- शेयरधनीहरूबाट व्यक्त रचनात्मक आलोचना, जिज्ञासा, सुझाव तथा सल्लाहका लागि आभार व्यक्त ।
- बैंकको आफ्नो भवनको निर्माण कार्य सम्पन्न हुनै लागेको र निकट भविष्यमा स्थानान्तरण हुने घोषणा गर्न पाउदा गौरवान्वित महसुस भएको धारणा व्यक्त ।
- गत आर्थिक वर्षमा शेयरधनीहरुको सुझाव बमोजिम बैंकको लक्ष्य दोहोरो अंकको लाभांश प्रदान गर्ने समेत रहेको र बैंक उक्त लक्ष्य पूरा गरी शेयरधनीहरुको सुझाव कार्यान्वयन गर्न सफल भएकोमा हर्षित भएको धारणा व्यक्त ।
- बैंकले विभिन्न डिजिटल सेवाहरु उपलब्ध गराउँदै आएको र गत वर्ष भारत तथा अन्य सात देशहरुमा लोकप्रिय रहेको डिजिटल कार्ड-रुपे कार्ड एक्वायरिङ्ग सुविधा नेपालमा सुरुवात गर्न सफल भएकोमा गर्वित महसुस भएको धारणा व्यक्त गर्दै पर्यटक आमन्त्रित गर्ने सन्दर्भमा रुपे कार्ड एक उल्लेखनीय कदम सावित हुने विश्वास व्यक्त ।
- धेरैजसो मुलुकमा लोकप्रिय रहेको उत्कृष्ट मोबाईल बैंकिङ्ग एप YONO SBI नेपालमा समेत संचालनमा ल्याइएको घोषणा गर्न पाएकोमा खुशी व्यक्त गर्दै हाल नेपाल एसबिआई बैंकमा खाता नरहेका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई खाता खोली YONO Nepal SBI एप को लाभ लिन अनुरोध ।
- बैंकले साविकमा संचालनमा ल्याएको पशुपतिनाथ मन्दिर क्षेत्रमा अवस्थित एक्सटेन्सन काउन्टरका अलावा गत वर्ष लुम्बिनी विकास कोष क्षेत्रमा समेत एक्सटेन्सन काउन्टर खोलेको जानकारी प्रस्तुत ।
- दुर्गम क्षेत्रस्थित शाखा सम्बन्धी जिज्ञासाको सन्दर्भमा बैंकले उपत्यका बाहिर दुर्गम क्षेत्रमा समेत शाखाहरु खोली उक्त क्षेत्रका स्थानीयहरुलाई विविध बैंकिङ्ग सुविधा प्रदान गर्दै आएको धारणा व्यक्त ।
- एसबीआई अष्ट्रेलिया, एसबीआई जापान र भारतको बैंक अफ बरोदासँग समझदारीपत्रमा हस्ताक्षर गरी बैंकको सम्बन्ध सञ्जाल विस्तार गरेको र उक्त सम्झौताले विप्रेषण एवं ट्रेड व्यवसायमा थप मद्दत पुऱ्याउने धारणा व्यक्त ।
- बैंकको वार्षिक प्रतिवेदनका सम्बन्धमा शेयरधनीहरुको जिज्ञासाको सम्बोधन गर्दै वार्षिक प्रतिवेदन बैंकको वेबसाइटमा उपलब्ध रहेको तथा छपाईएको प्रति यस पश्चात समेत आवश्यक भएमा बैंकको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने जानकारी प्रस्तुत ।

| | | |
|---|---|---|
| ........................ | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | ........................ |
| श्रीधर अधिकारी | | जयती बन्सल |
| (कम्पनी सचिव) | | (अध्यक्ष) |

- मर्जर तथा एक्विजिसन सम्बन्धमा शेयरधनीहरुबाट प्राप्त फरक प्रकृतिका सुझावका सन्दर्भमा बैंकको संस्कृति मिल्न जाने संस्थासँग मर्जर तथा एक्विजिसन गर्न सकिने धारणा व्यक्त ।
- तोकिएको क्षेत्रमा कर्जा लगानी सम्बन्धी नेपाल राष्ट्र बैंकको प्रावधानको परिपालनाको सम्बन्धमा बैंकले नियामकीय व्यवस्थाहरुको अनुपालना गरेको जानकारी गराउँदै केन्द्रीय बैंकको निर्देशन सदा पालना गर्न बैंक प्रतिबद्ध रहेको धारणा व्यक्त ।
- केही शेयरधनीहरुबाट आगामी वर्ष १५ प्रतिशत सम्म लाभांश वितरण गर्न प्राप्त सुझाव मनन गरिएको धारणा व्यक्त गर्दै सोका लागि प्रयास गर्ने प्रतिबद्धता व्यक्त ।
- सम्पूर्ण शेयरधनी महानुभावहरुलाई नेपाल एसबिआई बैंकमा खाता खोल्न अनुरोध ।
- शेयरधनी/वरिष्ठ नागरिकहरुको खातामा स्वास्थ्य बीमाको सुविधा समावेश गर्न प्राप्त सुझावका सम्बन्धमा बैंकले स्वास्थ्य बीमाको सुविधा प्रदान गरेका खाताहरुको जानकारी दिंदै नेपाल राष्ट्र बैंकको निर्देशनको परिधि भित्र रही विभिन्न खाताहरुमा प्रदान गरेको आकर्षक ब्याजदर सम्बन्धी जानकारी प्रस्तुत ।
- बैंकका कर्मचारीहरुको तलब तथा सुविधाहरु बैंकिङ्ग उद्योगमै सबल रहेको र सो लाई निरन्तरता दिइने धारणा व्यक्त ।
- बैंकले भारत लगायत अन्य मुलुकबाट विप्रेषण व्यवसाय वृद्धि गर्नका लागि सम्झौताहरु गरिएको तथा एक्सचेन्ज कम्पनीहरुसँग आवद्धता कायम गरिएको जानकारी प्रस्तुत ।
- भारतीय स्टेट बैंकका ग्राहकहरुले ईन्टरनेट बैंकिङ्ग मार्फत नेपाल एसबिआई बैंकको खातामा रकमान्तर गर्न सकिने सुविधाको प्रबन्ध मिलाईएको जानकारी प्रस्तुत ।
- शेयरधनीहरुको खर्च कटौतीसँग सम्बन्धित सुझावका सन्दर्भमा बैंकले गत वर्षको तुलनामा खर्च अनुपात उल्लेख्य रुपमा कम गर्न सफल भएको र चालु वर्षमा समेत थप घट्दै गएको जानकारी दिंदै खर्च अनुपात सम्बन्धी तथ्यांक प्रस्तुत ।
- कर्मचारीको संख्या यथेष्ट कायम गर्ने सुझावका सम्बन्धमा बैंकले हाले आवश्यक संख्यामा नयाँ कर्मचारी भर्ना गरेको जानकारी ।
- क्रेडिट कार्ड सेवा सुरुवात गर्ने सम्बन्धमा बैंकले आवश्यक गृहकार्य गरिरहेको जानकारी ।
- शेयरधनीहरुले सभामा व्यक्त गर्नुभएको जिज्ञासा, सुझाव तथा गुनासोहरुका लागि धन्यवाद ज्ञापन गर्दै सो अभिलेख समेत गरिएको र उपयुक्त सुझावहरुलाई सम्बोधन गर्ने प्रयास गरिने जानकारी प्रस्तुत ।

| | | |
|---|---|---|
| ......................... | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | ......................... |
| श्रीधर अधिकारी | | जयती बन्सल |
| (कम्पनी सचिव) | | (अध्यक्ष) |

## ११. सभाको निर्णय :

### क. सामान्य प्रस्तावतर्फ :

१. छलफलको विषयसूची नं. १ बमोजिम सभाध्यक्षले संचालक समितिका तर्फबाट पेश गर्नुभएको आ.व. २०७८/७९ का लागि संचालक समितिको प्रतिवेदन पारित गरिदिन सभामा प्रस्ताव राख्नुभएकोमा सभाले संचालक समितिको प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

२. तत्पश्चात् अध्यक्षको प्रस्तावमा सभाले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७८/७९ को वार्षिक आर्थिक विवरण, २०७९ असार मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), आ.व. २०७८/७९ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड" को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरिदिन सभाध्यक्षले सभामा प्रस्ताव राख्नुभएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिले स्वीकृत/पारित गऱ्यो ।

४. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ७२,९८,८६,७३९.३८ (अक्षरेपि त्रिहत्तर करोड अन्ठानब्बे लाख छयासी हजार सात सय उनन्चालीस रुपैयाँ अठतीस पैसा मात्र) बराबर (चुक्ता पुंजीमा ७.५३ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा उक्त नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

५. तत्पश्चात सभाध्यक्षले सामान्य प्रस्ताव नं. ५ अन्तर्गत बैंक संचालक समितिको मिति २०७८ चैत्र ३० मा सम्पन्न ४८३औं बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को प्रावधान बमोजिम डा. गोपाल प्रसाद भट्टलाई ४ वर्षका लागि लागि स्वतन्त्र संचालकमा नियुक्त गरेको बेहोरा सोही ऐनको प्रावधान बमोजिम सभाको जानकारीका लागि पेश गर्नुभएकोमा सभाले सो सम्बन्धमा जानकारी प्राप्त गऱ्यो ।

६. आर्थिक वर्ष २०७९/८० का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावका सम्बन्धमा सभाध्यक्षले कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधानअनुरूप बैंकको लेखापरीक्षण समितिले प्रचलित कानूनबमोजिम लेखापरीक्षकमा नियुक्त हुन योग्य लेखापरीक्षक मेसर्स एस.ए.आर.

धीरज अधिकारी
(कम्पनी सचिव)

जयती हन्सन
(अध्यक्ष)

एसोसियट्स, चार्टर्ड एकाउण्टेन्टस्लाई लेखापरीक्षकमा नियुक्ति गर्न सिफारिस गरेको र निजको पारिश्रमिक मु.अ.क. बाहेक रु.२५,००,०००/- (अक्षरेपि पच्चीस लाख रुपैयाँ मात्र) निर्धारण गरी त्यसको अनुमोदनका लागि प्रस्तुत गरेको जानकारी गराउँदै सभाध्यक्षले आ.व.२०७९/८० का लागि लेखापरीक्षण समितिले सिफारिस गरेको लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक अनुमोदनका लागि प्रस्ताव पेश गर्नुभएकोमा सभाले तदनुरूप आ.व.२०७९/८० का लागि मेसर्स एस.ए.आर. एसोसियट्स, चार्टर्ड एकाउण्टेन्टस्लाई लेखापरीक्षक नियुक्त गर्ने एवं निजको पारिश्रमिक मु.अ.क. बाहेक रु.२५,००,०००/- (अक्षरेपि पच्चीस लाख रुपैयाँ मात्र) सर्वसम्मतिबाट अनुमोदन गर्‍यो ।

७. निर्धारित विषयसूची नं. ७ अन्तर्गतको विविधमा कुनै प्रस्ताव नभएको ।

**ख. विशेष प्रस्ताव :**

१. सभाध्यक्षले विशेष प्रस्तावको बुँदा १ बमोजिम बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरूलाई रु. २९,४७,७५,५९३.३८ (अक्षरेपि उनन्तीस करोड सतचालीस लाख पचहत्तर हजार पाँच सय त्रियानब्बे रूपैयाँ अठतीस पैसा मात्र) बराबर (चुक्ता पुँजीमा ३.०० प्रतिशत अर्थात प्रत्येक १०० कित्ता बराबर ३ कित्ताका दरले) बोनस शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो ।

२. माथि विशेष प्रस्तावको बुँदा १, को फलस्वरुप बैंकको जारी पुँजी तथा चुक्ता पुँजीलाई वृद्धि गर्नुपर्ने भएका कारण बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालना गर्नका लागि बैंकको प्रबन्धपत्रको दफा ५(१)(ख) र ५(१)(ग) मा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो । सभाबाट पारित प्रबन्धपत्रको संशोधन देहाय बमोजिम रहेको :

**क) प्रबन्धपत्रमा संशोधन :**

१. **दफा ५(१)(ख) को सट्टामा देहाय बमोजिम दफा ५(१)(ख) कायम गरिएको :**
बैंकको जारी पुँजी रु.१०,१२,०६,२८,७०६/- (दश अर्ब बाह्र करोड छ लाख अठ्ठाइस हजार सात सय छ रुपैयाँ) हुनेछ । जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले १०,१२,०६,२८७.०६ (दश करोड बाह्र लाख छ हजार दुई सय सतासी दशमलव छ) साधारण शेयरमा विभाजन गरिएको छ ।

धीरज अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

२. <u>दफा ५(१)(ग) को सट्टामा देहाय बमोजिम दफा ५(१)(ग) कायम गरिएको :</u>

बैंकको चुक्ता पुंजी रु.१०,१२,०६,२८,७०६/- (दश अर्ब बाह्र करोड छ लाख अट्ठाइस हजार सात सय छ रुपैयाँ) हुनेछ ।

३. विशेष प्रस्ताव अन्तर्गत बुँदा ३ मा प्रस्ताव गरिए बमोजिम बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८, कमलादी, नेपाल कायम गर्न बैंकको प्रबन्धपत्रको दफा २ को उपदफा १ तथा नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो । सभाबाट पारित प्रबन्धपत्र तथा नियमावलीमा संशोधन देहाय बमोजिम रहेको:

क) <u>प्रबन्धपत्रमा संशोधन</u> :

१. <u>दफा २(१) को सट्टामा देहाय बमोजिम दफा २(१) कायम गरिएको :</u>

यस बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८, कमलादी, नेपालमा रहनेछ ।

ख) <u>नियमावलीमा संशोधन</u> :

१. <u>नियम २ को सट्टामा देहाय बमोजिम नियम २ कायम गरिएको :</u>

<u>बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय रहने ठेगाना:</u> बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. २८, कमलादी, नेपालमा रहनेछ ।

४. तत्पश्चात विशेष प्रस्ताव नं. ४ अन्तर्गत संचालक समिति तथा संचालक समितिका उपसमितिहरूको बैठकमा भाग लिएबापत संचालक समितिका अध्यक्ष तथा अन्य संचालकहरूलाई दिइने बैठक भत्ता वृद्धि गरी क्रमशः रु. १८,०००/- र रु. १५,०००/- प्रतिबैठक कायम गर्न बैंकको नियमावलीको नियम २९ को उपनियम (ख) संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो । सभाबाट पारित नियमावलीमा संशोधन देहाय बमोजिम रहेको:

| | | |
|---|---|---|
| ............................ | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | ............................ |
| श्रीधर अधिकारी | | जयती बन्सल |
| (कम्पनी सचिव) | | (अध्यक्ष) |

क) <u>नियमावलीमा संशोधन</u> :

१. <u>नियम २९ (ख) को सट्टामा देहाय बमोजिम नियम २९ (ख) कायम गरिएको</u> :

संचालकले पाउने बैठकभत्ता देहायबमोजिम हुनेछ :
संचालक समितिका अध्यक्ष : रु. १८,०००/- प्रतिबैठक
अन्य संचालक : रु. १५,०००/- प्रतिबैठक

माथि उल्लेख गरिएबमोजिम संचालक समितिको बैठकमा भाग लिएबापत संचालक समितिका सदस्यहरूलाई दिइने बैठकभत्ता संचालक समितिले गठन गरेका उपसमितिहरूको बैठक समेतमा भाग लिएबापत दिइनेछ।

५. विशेष प्रस्ताव अन्तर्गत बुँदा ५ मा प्रस्तावित गरिए अनुसार बैंकले आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. १ करोड ४ लाख ३१ हजार १ सय १६ रुपैयाँ ८० पैसा मात्र कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तरगत भएको खर्च रु. १ करोड ४ लाख ३१ हजार १ सय १६ रुपैयाँ ८० पैसा मात्र लाई अनुमोदन गरिदिन सभाध्यक्षले सभासमक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गर्‍यो।

६. विशेष प्रस्ताव अन्तर्गत बुँदा ६ मा प्रस्तावित गरिए अनुसार बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो।

७. तत्पश्चात सभाध्यक्षले विशेष प्रस्ताव नं. ७ अन्तर्गत नियामक निकायहरूको निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले प्रबन्धपत्र तथा नियमावलीको संशोधित व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत

शीशर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD.
CORPORATE OFFICE
KTM.

ज्योती बन्सल
(अध्यक्ष)

एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायत सम्बद्ध निकायसमक्ष आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावली संशोधनको अभिलेख तथा स्वीकृति गराउने लगायतका आवश्यक कामकारबाही गर्न तथा यस साधारण सभाका कुनैपनि निर्णयको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा त्यस्तो अस्पष्टता वा द्विविधा हटाउन उचित व्याख्या गर्ने तथा यस सम्बन्धमा नियामक निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई प्रबन्धपत्र तथा नियमावलीका संशोधित्त दफामा आवश्यकता अनुसार परिवर्तन/परिमार्जन गर्न अख्तियारी प्रदान गर्ने प्रस्ताव/निर्णय सर्वसम्मतिबाट पारित गर्‍यो ।

८. निर्धारित विषयसूची नं. ८ को विविधमा कुनै प्रस्ताव नभएको ।

**१२. सभाध्यक्षले साधारणसभामा प्रस्तुत सम्पूर्ण विषयहरूमा आधिकारिक छलफल भई पारित भएको घोषणा गर्नुभयो ।**

तत्पश्चात् दिनको करिब १ बजे सभाध्यक्ष श्री जयती बन्सलज्यूले विधिवत रुपमा सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..........................
**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

..........................
**जयती बन्सल**
**(अध्यक्ष)**

अनुसूची १

<u>छलफलमा सहभागी शेयरधनीहरूले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य र जिज्ञासाको सार</u>

**१. श्री सुदिप श्रेष्ठ**

- आर्थिक वर्ष २०७७/७८ को तुलनामा यस वर्ष बोनस शेयर/लाभांश बढेकोमा धन्यवाद ज्ञापन ।
- आगामी आर्थिक वर्ष २०७९/८० का लागि बैंकले शेयरधनीहरुलाई वितरण गर्ने प्रस्ताव गर्ने बोनस शेयर/लाभांश बढाउन आग्रह ।
- वार्षिक प्रतिवेदनमा वित्तीय विवरणहरु पाई चार्ट, बार रेखाचित्र मार्फत समेत प्रेषण भएमा जानकारीहरु बुझ्न अझ सजिलो हुने धारणा व्यक्त ।
- बैंकले डिजिटल बैंकिङ्गको माध्यमबाट सेवा विस्तार गरी नवीनतम प्रविधि प्रयोग गर्न सके अझ बढी मुनाफा आर्जन गर्न सक्ने विचार व्यक्त ।

**२. श्री पद्मदेव शाक्य**

- आर्थिक संकटको अवस्थामा पनि बैंकले प्रस्ताव गरेको लाभांशको प्रशंसा गर्दै आगामी आर्थिक वर्षमा पनि प्रगतिको निरन्तरताको आशा व्यक्त ।
- मर्जर तथा एक्विजिसन यस बैंकको लागि अत्यावश्यक नभएता पनि सो सम्बन्धमा विचार गर्न सल्लाह ।
- बैंकले ग्राहक केन्द्रित डिजिटल सोलुसन प्रदान गर्न सफल भएको साथै त्यसतर्फ युवाहरुलाई लक्षित / आकर्षित गरी बैंकिङ्ग कारोबार अझ बढाउन सुझाव ।
- बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न केन्द्र मार्फत वित्तीय शिक्षा कार्यक्रम संचालन गरेकोमा प्रशंसा ।

**३. श्री अंग राज भारती**

- राष्ट्रिय गानबाट साधारण सभाको सुरुवात गरिएको र वार्षिक प्रतिवेदन नेपालीमा समेत प्रकाशित गरिएकोमा खुसी व्यक्त ।
- प्रस्तावित लाभांशप्रति धन्यवाद ज्ञापन ।
- नेपाल राष्ट्र बैंकबाट विगतमा जारी निर्देशन अनुसार उत्पादनशील क्षेत्रमा तोकिएको अनुपातको कर्जा प्रवाह गर्नुपर्ने र सो नगरेमा जरिवाना लाग्ने प्रावधान रहेकोमा आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ मा सो अनुपातमा कर्जा प्रवाह नभएकोले सो बापतको जरिवाना भुक्तानी पश्चात प्रस्तावित लाभांश वितरण गर्न उपयुक्त हुने सुझाव व्यक्त ।

**४. श्री गुणराज भट्ट**

- बैंकको प्रगति एवं प्रस्तावित लाभांश सन्तोषजनक रहेको र आगामी वर्ष यसलाई थप वृद्धि गर्न सुझाव व्यक्त ।
- यो बैंक विदेशी लगानी रहेको उत्कृष्ट बैंक भएको र मर्जरले संचालन एवं प्राविधिक पक्षहरुमा समस्या निम्त्याउन सक्ने भएकाले मर्जर नगर्न उपयुक्त हुने सुझाव व्यक्त ।

............................
**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

............................
**जयती बन्सल**
**(अध्यक्ष)**

- कर्मचारीहरुलाई बैंकको सेवामा निरन्तर कायम राख्न तथा उच्च कार्यसम्पादनको लागि प्रोत्साहित एवं उत्प्रेरित गर्न कर्मचारीहरुको तलब तथा सुविधा वृद्धि गर्न सुझाव व्यक्त ।

### ५. श्री कुबेर लाल श्रेष्ठ

- Appreciated dividend proposed this year and advised for achieving growth in terms of business and return in coming years.
- Suggested to target dividend distribution of 15% for FY 2079/80.
- Appreciated for extending banking services also to remote areas of the country.
- Encouraged all the shareholders to open accounts in Nepal SBI Bank Ltd. and bring the deposits & avail the loan, if required, so that the bank can generate more profit which will ultimately benefit the shareholders.
- Advised for introducing new deposit schemes tying up with medical insurance facility especially for senior citizens/shareholders to encourage them to open accounts in the Bank.
- Suggested to follow cost cutting methods to increase profit of the bank.
- Appreciated hard work of employees/ management for increament in business, profit and attractive return.

### ६. श्री दिलीप मान श्रेष्ठ

- शेयरधनीहरुले दिनुभएको रचनात्मक सुझावलाई आगामी दिनमा कार्यान्वयन गर्दै जान व्यवस्थापनलाई अनुरोध ।
- कठिन आर्थिक अवस्थाका बावजुत पनि व्यवस्थापन तथा कर्मचारीको प्रयासबाट कर्जा, निक्षेप एवं नाफामा भएको वृद्धि तथा उच्च दरको लाभांश प्रशंसायोग्य रहेको धारणा व्यक्त ।
- क्रेडिट कार्ड सेवा यथासन्य चाँडो सुरुवात गर्न सल्लाह ।
- शेयरधनीहरुको खाताको ब्याजदर बढाउन तथा स्वास्थ्य बीमा सुविधा आवद्ध गर्न सुझाव व्यक्त ।
- कर्मचारीलाई बैंकको सेवामा निरन्तर कायम राख्ने तर्फ ध्यान बढाउन व्यवस्थापनलाई सुझाव ।
- भारतमा कार्यरत नेपाली कामदारबाट रेमिट्यान्स भित्र्याउन थप पहलकदमी लिन सुझाव ।
- बैंकले नयाँ शाखाहरु खोलेकोमा प्रशंसा गर्दै गुणस्तरीय सेवा कायम राख्न व्यवसायको वृद्धि अनुरुप यथेष्ट संख्यामा कर्मचारी राख्न सुझाव व्यक्त ।
- बैंकले आफ्नो प्रधान कार्यालय भवनको निर्माण सम्पन्न गर्न लागेकोमा प्रशंसा ।
- आगामी वर्ष बैंकले १५ प्रतिशत लाभांश वितरण गर्न सक्षम हुने अपेक्षा व्यक्त ।

| | | |
|---|---|---|
| ......................... | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | ......................... |
| श्रीधर अधिकारी<br>(कम्पनी सचिव) | | जयती मन्डल<br>(अध्यक्ष) |